**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs Date:**

**18.05.2025**

**International Museum Day**

विश्वभरि आज अन्तनरराष्ट्रिय संग्रहालय दिवस पालन गरियो। यो दिवस प्रतिवर्ष सांस्कृतिक आदान-प्रदान, सांस्कृतिक समृद्धि, सहयोग र शान्तिलाई प्राथमिकता दिने महत्त्वपूर्ण साधनका रूपमा संग्रहालयहरूको भूमिकाको बारेमा जागरूकता बढ़ाउन पालन गरिन्छ। यस वर्षको विषय हो द्रुत गतिमा परिवर्तित समुदायमा संग्रहालयको भविष्यं। भारतीय पुरातत्व  सर्वेक्षणले आज देशका सबै ASI स्मारक र संग्रहालयहरूमा जनताका लागि निःशुल्क प्रवेशको घोषणा गरेको थियो।

यस पहलले यी अमूल्य संग्रहहरूको अवलोकन गर्ने अवसर प्रदान गर्दछ, जसमध्ये केही भारतको समृद्ध सांस्कृतिक र ऐतिहासिक सम्पदाबारे जानकारी लिनका लागि महत्त्वपूर्ण छन्। अन्तरराष्ट्रिय संग्रहालय दिवसले सांस्कृतिक सम्पदालाई संरक्षित गर्न, शिक्षा र समुदायबीच संवादलाई प्राथमिकता दिनमा रहेको संग्रहालयको महत्त्वमाथि जोड़ दिँदछ। ASI-का छब्बीसवटा स्थल यूनेस्को-को विश्व धरोहर सूचीमा छन्, जसले देशको समृद्ध ऐतिहासिक सम्पदा र वास्तुशिल्प नमूनालाई संरक्षित गर्न र यसको खुसी मनाउनमा रहेको ASI-को प्रतिबद्धतालाई दर्शाउँदछ।

----------------------------------------X---------------------------------------- **SDM Office Kabi**

काबी महकुमा कार्यालयलाई अस्थायी रूपमा काबी खण्ड विकास कार्यालय नजिक निर्माणाधिन पञ्चायत भवनमा सारिएको छ। काबीकी महकुमा अधिकारी मोनिका राईले हिजो एउटा प्रेस विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, पहिरोका कारण पुरानो महकुमा कार्यालयलाई क्षति पुगेपछि यो निर्णय लिइएको हो। यस विज्ञप्तिमार्फत आम मानिसहरूलाई भोली उन्नाइस मईदेखि काबी महकुमा कार्यालय पञ्चायत भवनमा सञ्चालन हुने पनि जानकारी गराइएको छ।

----------------------------------------X---------------------------------------**Cleanliness Drive**

सिक्किम राज्य स्थापनाको पचासौं वर्षगाँठको एउटा वृहत कार्यक्रमको रूपमा आज जोरथाङमा ऐतिहासिक सफाई अभियान शुरू गरियो। यस अभियानमार्फत विभिन्न वर्गका मानिसहरू एकता र पर्यावरणीय जिम्मेवारीको प्रदर्शनका लागि एकैसाथ अघि आए। नाम्चीकी जिल्लाधीश सुश्री अनुपा तामलिङको नेतृत्वमा सम्पन्न अभियानमा मुख्यालयका महकुमा अधिकारी निम पिन्ट्सो भोटिया लगायत अन्य रहेका थिए। जिल्ला प्रशासन नाम्चीले विभिन्न गैर सरकारी संगठनसित मिलेर आयोजना गरेको सफाई अभियानको अवसरमा नागरिकलाई डिजिटल रूपमा आफ्नो समर्थनका लागि प्रोत्साहित गर्न नागरिक गौरव र जिम्मेवारीलाई प्रेरित गर्न प्रतीकात्मक प्रोफाइल पिक्चर अभियान पनि शुरू गरियो।

यस अभियानको मुख्य आकर्षणका रूपमा आगामी चौबीस तारिक शनिवार बिहान 8:30 बजीदेखि 9:30 बजीसम्म एक घण्टाको विशाल सफाई अभियान रहनेछ। यस अभियानमा जोरथाङ बजारदेखि मल्ली चेकपोस्टसम्म छब्बीस किलोमीटर रिकर्ड समयमा सफा गरिनेछ।

---------------------------------------X---------------------------------------

**Media Workshop**

पत्र सूचना कार्यालय (PIB) गान्तोकले भोलि यहाँ वार्तालाप नामक मिडिया कार्यशाला आयोजन गर्ने भएको छ। सञ्चारकर्मीहरूलाई सरकारका प्रमुख पहल र योजनाहरूको बारेमा शिक्षित गर्ने उद्देश्यले आयोजना गरिरहेको कार्यशालामा सिक्किमसँग सम्बन्धित विभिन्न विषयमा सत्र र चर्चाहरू हुनेछन्, जसमा मिडियासित सम्बन्धित मुद्दा पनि सामेल छन्।
यस अवसरमा भारत सरकारको सूचना तथा प्रसारण मन्त्रालयको PIB पूर्वोत्तर क्षेत्रका अतिरिक्त महानिदेशक कृपा शङ्कर यादव कार्यक्रममा उपस्थित रहने बताइएको छ। कार्यशालामा अन्य बाहेक मुख्यमन्त्रीका राजनीतिक सचिव (मिडिया तथा प्रचार) विकास बस्नेत, सूचना तथा जनसम्पर्क विभागकी सचिव अन्नापूर्ण आले र निदेशक उमेश सुनाम उपस्थित रहनेछन्।
यसअवधि प्यानल चर्चा, अन्तरक्रियात्मक सत्र र अन्य गतिविधिहरू सामेल हुनेछन्।

---------------------------------------X---------------------------------------

**Sports  Ministers Meeting with SOA**

खेलकुद एवं युवा मामिला विभाग मन्त्री राजु बस्नेतले सिक्किम ओलम्बिक संगठन र विभिन्न खेलकुद संगठनहरूलाई लिएर स्थानीय एउटा होटलमा आज बसेको बैठकको अध्यक्षता गर्नुभयो।
सिक्किम ओलम्बिक संगठन र खेलकुद एवं युवा मामिला विभाग मिलेर आयोजना गरेको बैठकमा बोल्दै मन्त्री श्री बस्नेतले राष्ट्रिय खेलकुदअन्तर्गत हालै सम्पन्न खेलो इण्डिया युथ ग्याम्समा स्वर्ण पदक विजेता अञ्चल राई र काँश्य पदक विजेता रिवास राईलाई बधाई दिनुभयो। यस अवसरमा मन्त्रीको बाहुलीद्वारा राष्ट्रिय खेलमा उत्कृष्ट प्रदर्शन दिने राज्यका खेलाड़ीहरूलाई प्रोत्साहन स्वरूप नगद राशि प्रदान गरियो।
यस अवसरमा संगठनको वार्षिक प्रतिवेदन रिपोर्टसहितको म्यागेजिन विमोचन गरियो।

---------------------------------------X---------------------------------------

**Sikkim Mountaineer**

सिक्किमका दुईजना पर्वतारोहीले छह हजार दश मिटर उचाईको तीनचेनखाङ पर्वतशीखरको सफल आरोहण गरेका छन्। पश्चिम सिक्किममा अवस्थित यो पर्वत चढ्ने राज्यका पर्वतारोहीहरूमा राज्यका दुईजना पर्वतारोही एरोन शेर्पा अनि तेञ्जिङ भोटिया रहेका छन्। भारतीय अभियानका आठ सदस्यीय दलका सदस्यको रूपमा रहेका उनीहरूले पन्द्र मईको दिन बिहान पर्वतशीखरको आरोहण गरेका हुन्। यो अभियान सिक्किम सरकारको पर्यटन एवं नागरिक उड्डयन विभागको निगरानीमा सम्पन्न भएको हो।

---------------------------------------X---------------------------------------

**SAFF Under-19 Football**

अरुणाचल प्रदेशको युपियामा भइरहेको साफ अन्डर-19 फुटबल च्यापियनशिपको फाइनल खेल अबको केहीबेर पछि सात बजीदेखि शुरू हुनेछ। यसमा भारतको भिड़न्त बङ्गलादेशसित हुनेछ। भारतले सेमिफाइनलमा मालदीप्सलाई तीन गोलले अनि बङ्ग्लादेशले नेपाललाई दुई-एकले पराजित गरेको हो।

----------------------------------------X----------------------------------------

**Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको जानकारी अनुसार भोली आकाश बादलले ढाक्नका साथै भारी वर्षा हुने अनि चड्याङ हान्ने अनुमान छ।
वितेको चौबीस घण्टामा गान्तोक र वरपरका स्थानहरूमा अधिकतम तापमान बाहीस दशमलौ छह डिग्री सेलसीयस र न्युनतम तापमान चौध दशमलौ छह डिग्री सेलसियस रेकर्ड गरियो। भोली अधिक्तम तापमान एक्काइस डिग्री अनि न्युनतम पन्द्र डिग्री सेलसीयस रहने छ।

----------------------------------------X----------------------------------------